लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**शिक्षा तथा सामाजिक विकास निर्देशनालय**
राप्ती उपत्यका (देउखुरी), नेपाल

प.सं.: २०८१/०८२
च.नं.: ४८५

मितिः- २०८२/०२/१८

श्री यसैसाथ संलग्न सामुदायिक तथा आङ्गिक क्याम्पसहरू,
लुम्बिनी प्रदेश ।

**विषयः- विज्ञान विषयमा उच्च शिक्षा अध्ययनरत छात्राहरूका लागि छात्रवृत्तिको रकम निकासा सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस निर्देशनालयबाट लुम्बिनी प्रदेशअन्तर्गतका **"सामुदायिक तथा आङ्गिक क्याम्पसहरूमा स्नातक तथा स्नात्तकोत्तर तहमा विज्ञान विषय अध्ययनरत छात्राहरुका लागि छात्रवृत्ति"** उपलब्ध गराउनका लागि मिति २०८१/११/१२ गते प्रकाशित सार्वजनिक सूचनाबमोजिम त्यहाँबाट आवेदन दिने विद्यार्थीहरूको एकमुष्ट विवरण सामाजिक विकास डिभिजन कार्यालयहरूमार्फत यस निर्देशनालयलाई प्राप्त भएको आधारमा **स्नातक तथा स्नात्तकोत्तर तहमा विज्ञान विषय अध्ययनरत छात्राहरूलाई दामासाहीले** वितरण गर्ने गरी यसै साथ संलग्न विवरणबमोजिमको रकम क्याम्पसको बैङ्क खातामा पठाइएको छ । क्याम्पस छात्रवृत्ति व्यवस्थापन समितिको निर्णयबाट सङ्घीय र स्थानीय सरकारबाट उपलब्ध गराइएको छात्रवृत्तिसँग समेत दोहोरो नपर्ने सुनिश्चित गरी प्रति विद्यार्थी रु. ७,६७२.६३ का दरले सम्बन्धित विद्यार्थीको बैङ्क खातामा रकम पठाउनुहुन अनुरोध छ । साथै छात्रवृत्ति प्रदान गरेको निर्णयको प्रतिलिपि र सम्बन्धित विद्यार्थीको बैङ्क खातामा रकम जम्मा गरेको भौचर/बैङ्कको प्रमाणित विवरण २०८२ असार १५ भित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयहरूमार्फत यस निर्देशनालयमा पठाउने व्यवस्थाका लागि समेत निर्णयानुसार अनुरोध छ ।

नारायणप्रसाद पोखेल
नि. महानिर्देशक

**नि. महानिर्देशक**

बोधार्थ :

श्री सामाजिक विकास डिभिजन कार्यालय (सबै)ः त्यस कार्यालयअन्तर्गतका सामुदायिक तथा आङ्गिक क्याम्पसहरूलाई सूचना प्रवाह गरी विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको निर्णय र भौचर/बैङ्कको प्रमाणित विवरण सङ्कलन तथा रुजु गरी यस निर्देशनालयमा चालु आ.व. भित्र पठाइदिनुहुन अनुरोध छ ।

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय, लुम्बिनी प्रदेश

## विज्ञान विषयमा उच्च शिक्षा अध्ययनरत छात्राहरूका लागि छात्रवृत्ति (सामुदायिक तथा आङ्गिक) प्राप्त गर्ने विद्यार्थी र रकम निकासा विवरण

| क्र.स. | जिल्ला | क्याम्पसको नाम र ठेगाना | जम्मा विद्यार्थी सङ्ख्या | प्रति विद्यार्थी वार्षिक दामासाही रु. | जम्मा रु. |
|---|---|---|---|---|---|
| १ | दाङ | Padmodaya Campus, Ghorahi | ९५ | ७६७२.६३ | ७२८८९९.८५ |
| २ | दाङ | महेन्द्र बहुमुखी क्याम्पस, घोराही | ३०६ | ७६७२.६३ | २३४७८२४.७८ |
| ३ | पाल्पा | त्रिभुवन बहुमुखी क्याम्पस, तानसेन | ८४ | ७६७२.६३ | ६४४५००.९२ |
| ४ | बाँके | महेन्द्र बहुमुखी क्याम्पस, नेपालगञ्ज | १२१ | ७६७२.६३ | ९२८३८८.२३ |
| ५ | रूपन्देही | बुटवल बहुमुखी क्याम्पस, बुटवल | ४९८ | ७६७२.६३ | ३८२०९६९.७४ |
| ६ | रूपन्देही | भैरहवा बहुमुखी क्याम्पस, भैरहवा | ६९ | ७६७२.६३ | ५२९४११.४७ |
| कुल जम्मा | | | ११७३ | ७६७२.६३ | ८९९९९९४.९९ |